

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ ८ गते सोमबार ❑ 22 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## बेनी-जोमसोम-कोरला सडक अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ



गण्डकी प्रदेशको 'लाइफ लाइन' मानिएको राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरला सडक योजनाको २५ प्रतिशत काम बाँकी छ।

भारत र चीनलाई जोड्ने चार सय ३५ किलोमिटर दूरीको कालीगण्डकी करिडोर सडकलाई गण्डकी प्रदेशको भाग्यरेखा मानिएको छ। पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिकस्थलको विकासका लागि महत्त्वपूर्ण योगदान पुग्ने भएकाले यो सडकलाई गण्डकीको भाग्यरेखा मानिएको हो । पर्वतको मालढुङ्गाबाट म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरलानाका जोड्ने दुई सय दुई किलोमिटर दूरीको सडक दुई लेनको कालोपत्र र ग्राभेल बनाउन विसं २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको आयोजना प्रमुख ध्रुव झाले बताए । "छवटा खण्डमा ८५ किलोमिटर ग्राभेल र तीनवटा खण्डको १९ किलोमिटर सडक कालोपत्र गर्ने काम सकिएको छ", उनले भने, "योजनामार्फत १३ वटा पक्की पुल र तीनवटा बेलीब्रिज निर्माण भएको छ ।" रु सात अर्ब ५५ करोड लागत अनुमान गरिएको योजनाका लागि आव २०७९/८० सम्म रु छ अर्बभन्दा बढी खर्च भएको छ । पर्वतको मालढुङ्गा-बेनी, म्याग्दीको राहुघाट-दाना, मुस्ताङको खन्ती-जोमसोम, जोमसोम-कागबेनी खण्डमा कालोपत्र र चराङ-छोसेर खण्डमा ग्राभेल गर्ने ठेक्काको काममा ढिलासुस्ती भएको गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बताए ।

"संघीय सरकारका विभागीय मन्त्री, प्रधानमन्त्री, आयोजनासँग समन्वय गरेर निर्माण व्यवसायीलाई तीन-चार वर्षपछि काममा फर्काइएको छ", उनले भने, "नदीजन्य निर्माण सामग्रीको व्यवस्थापन र निर्माणस्थलमा देखिएका समस्या समाधानका लागि स्थलगत अध्ययन गरेर पहल थालेका छौं ।" संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री जुग्जाली, प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा (खम्बिर), सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल, म्याग्दीका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल र प्रहरी नायब उपरीक्षक मदन कुँवरलगायतको टोलीले शनिबार सडकको म्याग्दी खण्डको अनुगमन गरेको छ । नदीजन्य निर्माण सामग्रीको अभाव र प्रतिकुल भूगोल चुनौती बनेको छ । सर्वोच्च अदालतको विसं २०७८ असार २९ गतेको आदेशका कारण कालीगण्डकी करिडोरअन्तर्गत गण्डकी प्रदेशमा सञ्चालित पूर्वाधार आयोजनामा नदीजन्य निर्माण सामग्रीको अभाव भएको छ । सर्वोच्च अदालतले कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा निकासीमा रोक लगाएपछि विकास आयोजना निर्माण प्रभावित भएको हो ।

## २३ औं आहा रारा पोखरा गोल्ड कपमा एक विदेशी सहित १२ टिम सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ



पोखरामा यही माघ ९ गते देखि २३ औ संस्करणको आहा ! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता २०८० सुरू हुने भएको छ। एक विदेशी सहित प्रतियोगितामा १२ टिमको सहभागिता हुने आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो।

हिमश्री फुड्स प्रा.लि.को मुख्य प्रायोजनमा पोखरा रंगशालामा मंगलबार हुने उद्घाटन खेलमा आयोजक सहारा क्लव र थ्री स्टार क्लब बिच खेल हुने भएको क्लवले जनाएको छ। यही माघ २० गतेसम्म संचालन हुने प्रतियोगितामा बिजेताले १२ लाख १ हजार नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरिने भएको क्लवका बरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरूङले बताउनु भयो। उपविजेताले भने ६ लाख १ हजार प्राप्त गर्ने भएको छ। पुरस्कार राषिमा मात्र क्लवले २८ लाख ३२ हजार खर्च हुने भएको छ । प्रतियोगिता सम्पन्न गर्न १ करोड ४९ लाख खर्च हुने भएको छ भने प्रतियोगिताबाट १ करोड ८६ लाख आम्दानी हुने अपेक्षा गरिएको महासचिव रामजीप्रसाद अधिकारीले बताउनु भयो। क्लवले हरेक खेल खेल्दा हरेक टीमलाई अतिरिक्त प्रोत्साहन रकम दिने भएको छ। प्रि–क्वाटरफाइनल खेल खेल्दा २० हजार, क्वाटरफाइनल खेल्ने दुबै टिमलाई जनही ३० हजार र सेमिफाइनलमा खेल्ने जित्ने तथा हार्ने दुबै टिमलाई जनही ५० हजार प्राप्त गर्ने भएका छन् । उक्त अवसरमा सहारा युकेले हरेक खेलमा प्रदान गर्ने म्यान अफ दी म्याचको ट्रफी समेत हस्तान्तरण गरेको क्लवका मानार्थ सदस्य महेश गुरुङले बताउनु भयो।

उक्त खेल अवलोकनको लागि दर्शकले साधारण प्यारापिट तर्फ प्रि–क्वाटरफाइनलतथाक्वाटरफाइनलमा १ सय र सेमिफाइनलमा २ सय र फाइनल खेलमा ३ सय रुपैया शुल्क तिर्नुपर्ने छ । भिआइपि तफ भने २ सय देखि ५ सय शुल्क लाग्ने भएको छ। पाहुना टोली भारतको दील्ली एफ.सी. टिम नआउने भए पछि त्यसको स्थानमा शसस्त्र प्रहरी वलको एपिएफ सहभागि हुने भएको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो । खेल तालिका सार्वजनिक गर्ने अन्तिम समयमा प्राविधिक कारण यसपाली आफुहरु सहभागि हुन नसकेको भन्दै दील्ली एफसीले पत्र क्लवलाई पठाएको उहाँले जनाउनु भयो । हिमश्री फुड्स प्रा. लि. का निर्देशक प्रकाश केसीले स्वदेशमै केही गर्न आग्रह गर्दै नेपालमा बस्तु तथा सेवाका उपभोक्ता घट्दै गएको उहाँले गुनासो गर्नु भयो। अर्का निर्देशक युवा व्यवसायी किरण केसीले आफ्नो बाबु स्व.सुर्य बहादुर केसीले क्लवसंगको सहकार्यमा सुरु गरेको मुख्यप्रायोजनको साथ आफुहरुले निरन्तरता दिदै जाने बताउनु भयो। पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले सहाराको २५ औं बर्ष गाँठ पुग्दै २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपसम्म आएकोले पोखरा महानगर संरक्षक भएको बताउनु भयो।

राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश गुरूङले पोखरामा हुने उक्त प्रतियोगितामा मैदान निःशुल्क उपलब्ध गराउने बताउनु भयो । क्लवले सामाजिक कार्य गर्दै आएकोले मर्मत संहार तथा सरसफाई गरी निशुल्क मैदान उपलब्ध गराईएको उहाँले बताउनु भयो । प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले उक्त प्रतियोगितालाई सफल पार्न आजैबाट जिम्मेवार भएर लाग्नु पर्ने बताउनु भयो । सहारा क्लव हङकङका अध्यक्ष दीपक गुरूङले क्लवको अभियानमा विदेशबाट निरन्तर सहयोग हुने बताउनु भयो। क्लवद्धारा संचालित सहारा एकेडेमीमा हाल ८ जिल्लाका १४ बालकहरू रहनु भएको छ।

क्लवले सार्वजनिक गरिएको खेल तालिका अनुसार यही माघ १० गते समुह बीको त्रिभुवन आर्मी फुटबल क्लब र राइजिंग स्टार

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मत मार्गदै सत्ता गठबन्धनका उम्मेदवार जिल्ला-जिल्लामा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

यही माघ ११ गते हुन गइरहेको राष्ट्रियसभा सदस्य निर्वाचनका लागि सत्तारूढ गठबन्धनका उम्मेदवारहरु मत माग्नका लागि जिल्लाका विभिन्न क्षेत्रमा पुगेका छन् ।

गण्डकी प्रदेशबाट प्रतिनिधित्व गर्ने गठबन्धनका उम्मेदवारहरु बागलुङका जनप्रतिनिधिहरुबीच अन्तरक्रिया तथा भेटघाट गर्नका लागि बागलुङ आइपुगेका छन् ।

सत्ता पक्षीय पाँचदलीय गठबन्धनका तर्फबाट गण्डकी प्रदेशबाट उम्मेदवार करिणबाबु श्रेष्ठ, मनरुपा शर्मा र पदमबहादुर परियार निर्वाचनको मिति नजिकिएसँगै बागलुङसहित गण्डकी प्रदेशका जिल्ला जिल्लामा मतदाता भेटघाटमा व्यस्त छन् । उनीहरु मतदाताका रुपमा रहेको स्थानीय तहको सरकारप्रमुख उपप्रमुख तथा प्रदेशसभा सदस्यहरुबीच भेटघाट र परिचय कार्यक्रमका लागि बागलुङ आएका थिए । यहाँ आयोजित कार्यक्रममा बागलुङ जिल्लाका विभिन्न पालिकाका प्रमुख, उपप्रमुख अध्यक्ष, उपाध्यक्ष तथा यहाँबाट प्रदेशसभामा प्रतिनिधित्व गर्ने सत्तापक्षीय प्रदेशसभासदस्यहरुले गठबन्धनका उम्मेदवारलाई विजयी गराउने प्रतिबद्धता जनाए । राष्ट्रियसभा सदस्य उम्मेदवार किरणबाबु श्रेष्ठले गठबन्धनको औचित्य र आवश्यकता अझै बाँकी रहेकाले आफूहरु अहिले पनि गठबन्धनका तर्फबाट उम्मेदवार बनेको बताए । "संविधान र व्यवस्थामाथि नै प्रहार भएपछि बनेको गठबन्धनको आवश्यकता अहिले पनि

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## चलचित्र क्षेत्रको विकास गर्न कार्यविधि ल्याउने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ



कास्कीको सिक्लेस पुगेको कलाकार सहित पत्रकारको टोलीलाई स्थानिय गाँउलेले फुलमालाले भव्य स्वागत गरेका छन् । आफ्नो गाउँमा कलाकारको टोलीलाई स्वागत गर्न पाउदा सिंगो गाउँले नै खुसिले गदगद भएको स्थानियले बताउनु भयो ।

आफ्नो गाउँमा चलचित्र विकास वोर्डका अध्यक्ष भुवन केसी सहित कलाकारको टोली आउदा अब ठुलो पर्दामा देखाउने गरी आफ्नो गाँउ ठाँउको प्रचारप्रसार गर्न स्थानियले माग गर्नु भएको छ। गाँउलेले फुलमालाले कलाकारलाई स्वागत सत्कार गर्दै आफ्नो गाँउको प्रचार प्रसार फिल्म मार्फत गर्न माग गर्नु भएको मार्दी गाउँपालिकाका वडा नम्बर १ का अध्यक्ष देविजंग गुरुङले बताउनु भयो । गुरुङ समुदायको मुख्य बस्ती रहेको उक्त क्षेत्रबाट हिमश्रृखला समेत देख्न सकिने भएकोले सिक्सेल पर्यटकको रोजाइमा पर्ने गरेको छ। चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले चलचित्र क्षेत्रको विकास गर्न नयाँ कार्यविधि ल्याउने तयारी भएको बताउनु भयो। कास्कीको पर्यटकीय गाँउ सिक्लेसमा चलचित्र पत्रकार संघ कास्कीले आयोजना गरेको 'सिक्लेस सिनेमा र सरकारः हिजो आज र भोलि' विषयक बहसमा वोल्दै अध्यक्ष केसीले उक्त कुरा बताउनु भएको हो।

अहिलेकी सञ्चार मन्त्री रेखा शर्माले कार्यविधि पास गराउन आश्वासन दिएकाले बताउदै अध्यक्ष केसीले आफु निकै आशावादी रहेको बताउनु भयो । लामो समय नायक तथा निर्देशनको भूमिकामा रहनु भएको अध्यक्ष केसीले बोर्डमा जागिर खानलाई मात्र आफु नगएको दावी गर्दै केही परिवर्तन गरेको जिकिर गर्नु भयो । बोर्ड र मन्त्रालय बीचको बिबादहरु आफूले धेरै मिलाइसकेको र अब ऐन पास गराउनका लागि अन्तिम प्रयास भएको उहाँको भनाई छ।

चलचित्र विकास बोर्ड स्वायत्त नहुँदासम्म चलचित्र क्षेत्र सहित वोर्डको विकास गर्न नसकिने उहाँको भनाई थियो । सञ्चार मन्त्रालयको माताहातमा जबसम्म बोर्ड रहिरन्छ, तबसम्म राष्ट्रिय चलचित्र र चलचित्र विकास बोर्डको विकास गर्न नसकिने दाबी गर्दै अध्यक्ष केसीले ब्ल्याक एण्ड ह्वाइटबाट रंगिन हुदै डिजिटल प्रविधिमा आइसक्दा पनि ऐन भने पुरानै भएकोले गर्दा काम गर्न कठिनाई भएको उल्लेख गर्नु भयो। अध्यक्ष केसीले चलचित्र क्षेत्रको विकास गर्ने गरी बोर्डमा कोही आउन चाहे आफू तत्काल पद छोड्न तयार रहेको उद्घोष गर्नु भयो । प्रकाश सुवेदीले सहजीकरण गरेको बहसमा केसी सहित आकाश अधिकारी र दीपा श्री निरौला लगायतका कलाकारको सहभागी रहेको संघ कास्कीका अध्यक्ष प्रभु अधिकारीले बताउनु भयो । निरौलाले सरकारले चलचित्र क्षेत्रलाई प्राथमिकतामा नराखेको गुनासो गर्नु भयो । सरकारले चलचित्रलाई केवल मनोरञ्जन र रमाइलोको साधनका रुपमा मात्र लिने गरेकोले यसको दिगो विकास हुन नसकेको उहाँले दाबी गर्नु भयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# महिला शान्ति र सुरक्षा सम्बन्धी जिल्ला निर्देशक समितिको बैठक सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

महिला शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको प्रस्ताव न १३२५ र १८२० को कार्यान्वयन सम्बन्धमा दोश्रो राष्ट्रिय कार्ययोजना जिल्ला निर्देशक समितिको बैठक आइतबार सम्पन्न भएको छ।



सो निर्देशक समितिका अध्यक्ष तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले दोश्रो रास्ट्रीय कार्ययोजना मुताबिक जिल्ला निर्देशक समिति गठन गरिएको बताउनु भयो । उहाले सोही मुताबिक पालिकामा समेत कार्ययोजनाका काम छिटोभन्दा छिटो अगाडी बढाइने उल्लेख गर्नु भयो । प्रमुख पौडेलले समाजमा कुनै पनि किसिमका हिंसा ,भेदभाव ,र अधिकार उल्लंघनका घटना नदेखिने गरि काम गर्न सरोकारवालाहरूलाइ आग्रह गर्दै हिंसा र भेदभाव रहित कास्की निर्माणमा लागि पर्न आग्रह गर्नु भयो ।उहाले समाजमा कुनै पनि खालका उड्पिडन रहेसम्म समृद्धि संभब नहुने उल्लेख गर्दै हरेक खालका अधिकार स्थापित गर्न युद्धस्तरमा काम गर्नु पर्ने बिचार राख्नुभयो।

कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेब घिमिरेले कास्कीका हरेक स्थानीय तहमा समिति निर्माण गरेर कार्य सम्पादन गर्ने भन्दै सहकार्यको लागि सरोकारवाला संघ संस्थाहरूलाइ आग्रह गर्नुभयो । जिल्ला समन्वय समिति कास्कीका उप- प्रमुख सरिता माल, पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारी, मानव अधिकारका लागि एकल महिला समूह कास्कीका अध्यक्ष जुना के. सि.महिला मानब अधिकार रक्षक सन्जाल कास्कीका अध्यक्ष केशु भुजेल, एड्भोकेसी फोरमका अध्यक्ष कुन्जनी परियार प्यासी, गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष डाक्टर बुद्धि बहादुर थापा, द्वन्द पिडित महिला राष्ट्रिय संजाल सदस्य कल्पना सुवेदी सहितले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

बैठकमा दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका बिषयमा इन्सेक पोखराका प्रमुख शिव खकुरेल र संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको प्रस्ताव न १३२५ र १८२० को सन्दर्भिकता सम्बन्धमा इन्सेक पोखराका कार्यक्रम अधिकृत सबनम शर्माले सहजीकरण गर्नु भएको थियो । सो निर्देशक समितिका अध्यक्ष तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न बैठकको संचालन समितिका सदस्य सचिब एबम जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

# विद्यालय स्तरीय लोकनृत्य प्रतियोगिताको उपाधि सरस्वती आदर्शलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

अमरसिंह खेल मैदानमा जारी बाह्रौं पोखरा महोत्सवमा आयोजित विद्यालय स्तरीय लोक नृत्य प्रतियोगिताको उपाधि सरस्वती आदर्श विद्या आश्रमले जितेको छ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको प्रायोजनमा सम्पन्न विद्यालय स्तरीय लोकनृत्य प्रतियोगिताको उपाधीसंगै सरस्वती आदर्श विद्या आश्रमले नगद ५० हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा वेसलाइन एकेडेमीले दोश्रो स्थान सहित नगद ३५ हजार ट्रफी र प्रमाणपत्र प्राप्त गर्न सफल भयो । त्यस्तै प्रतियोगितामा मेरिगोल्ड बोर्डिङ स्कुल र ज्ञान ज्योती विद्या कुञ्जले क्रमश तेश्रो र शान्तवना स्थान हासिल गर्न सफल भयो । तेश्रो स्थान हुने मेरिगोल्डले नगद २५ हजार नगद ट्रफी र प्रमाणपत्र प्राप्त गर्न सफल भयोभने शान्तवना हुने ज्ञान ज्योति विद्या कुञ्जले नगद १५ हजार ट्रफी र प्रमाणपत्र प्राप्त गर्न सफल भयो । प्रतियोगिताका बिजेताहरुलाई गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्ची, युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठ, निवर्तमान




अध्यक्ष लालकाजी गुरुङ, क्लबका संस्थापक अध्यक्ष हिमालय बख्रेल, पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, क्लवबका बरिष्ठ उपाध्यक्ष लोक बहादुर थापासंगै क्लबका पदाधिकारीहरुले पुरस्कार वितरण गरेका थिए।

अमरसिंह खेल मैदानमा आयोजित महोत्सव एघारौ दिन सम्म आइपुग्दा दर्शकको उल्लेख्य साथ रहेको छ। दर्शकको उपस्थिती संगै महोत्सवमा कारोवार समेत वढिरहेको छ । महोत्सवको एघारौ दिन आइतबार ज्योती मगरको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए। ज्योति मगर संगै महोत्सवमा जिवन दाहाल, कृष्ण अखेली, शिवहरी ढुंगाना, रामजी पौडेल, सानु बिकास, गंगा पौडेल, पारु गुरुङ, बत्ती थापा लगायतको प्रस्तुती रहेको थियोभने सांझको लाइभ ब्याण्डमा सुगम पोखरेलको प्रस्तुतीमा युवाहरु झुमेका थिए।

महोत्सवको अन्तिम दिन सोमबार लोकदोहोरी तर्फ जीवन दाहाल, शंकरविरही गुरुङ, शिवहरी ढुंगाना, सुनिमा गुरुङ, लक्ष्मी बानियाँ लगायतको प्रस्तुती रहने छ भने सांझको लाइभ कन्सर्ट तर्फ जीबबको प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । यसैविच महोत्सवको समापन समारोह दिनको १ बजे पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको प्रमुख आतिथ्यतामा हुने भएको छ।

# पिसिएममा आइडिया कन्टेस्ट सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

पोखरा कलेज अफ म्यानेजमेन्टमा आइतबार आइडिया कन्टेस्ट सम्पन्न भएको छ । कार्यक्रममा कलेजमा सातौं सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुले आफ्नो व्यवसायीक योजना प्रस्तुत गरेका थिए।

प्रतियोगितामा हेरिटेज क्राफ्टले प्रथम र ब्राइट एण्ड साइन क्लिनिङ्गले दोस्रो स्थान प्राप्त गरेका थिए । हेरिटेज क्राफ्टका सदस्यहरु एन्जिला सुवेदी, यज्जु सुवेदी, रोशनी तिवारी, सृष्टी थापा, अनिशा नेपाली, सारा गुरुङ्ग र गरिमा काफ्लेलाई नगद पुरस्कार दश हजार सहित




कलेजको प्राचार्यले प्रमाणपत्र प्रदान गर्नुभएको थियो। त्यसैगरी दोस्रो स्थान प्राप्त गरेको समूहका सदस्यहरु रोशनी कार्की, सिफाली श्रेष्ठ, अन्जली पौडेल र अमिसा भण्डारीलाई नगद पुरस्कार छ हजार सहित कलेजको प्राचार्यले प्रमाणपत्र प्रदान गर्नुभएको थियो । प्रतियोगितामा विद्यार्थीहरुको योजनालाई पहिरन ट्रेडिङ्ग हाउसको प्रबन्ध निर्देशक लक्ष्मी थापा गिरी, मुक्ती इनर्जीका संस्थापक प्रकाश आचार्य र नविल बैंक पोखरा शाखाका प्रमुख प्रदिप पहारीले मूल्यांकन गर्नुभएको थियो।

कार्यक्रममा बोल्दै कलेजको प्राचार्य लिना नेगी श्रेष्ठले विद्यार्थीहरुलाई रोजगारी खोज्नेभन्दा पनि रोजगारी दिने बनाउन यस्ता कार्यक्रमहरु सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा उप प्राध्यापक निकेस कर्मचार्यले विद्यार्थीहरुलाई प्रतियोगिताको नियमहरुबारे बोल्नु भएको थियो । कार्यक्रम उप प्राध्यापक सुवास मल्लको सञ्चालन तथा प्राचार्य लिना नेगी श्रेष्ठको सभाध्यक्षतामा सम्पन्न भएको थियो।

## मत मार्दै ...

छ", उनले भने, "अहिले पनि गठबन्धन नै गरेर निर्वाचनमा जाँदैछौँ, जनतामा आशा जगाउने गरी काम गर्नका लागि सरकारलाई सघाउने र जनताको प्रतिनिधिका रुपमा सरकारलाई सही मार्गमा हिँडाउनका लागि निरन्तर प्रयत्न गर्छौं।"

राष्ट्रियसभा सदस्य उम्मेदवार मनरुपा शर्माले शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्नका लागि आफूलाई राष्ट्रियसभामा भूमिका खेल्ने बताउँदै मत मागिन् । उनले गठबन्धनलाई मत माग्न जिल्ला जिल्लामा पुग्ने कार्यक्रमअन्तर्गत बागलुङ आएको बताइन् । राष्ट्रियसभा सदस्यका उम्मेदवार पदमबहादुर परियारले हरेक क्षेत्रलाई समावेशी बनाउन, स्थानीय तहलाई बलियो बनाउन भूमिका खेल्ने बताए। कार्यक्रममा सहभागी गठबन्धन दलका नेताले राष्ट्रियसभा निर्वाचनमा गठबन्धनको मर्मअनुसार अगाडि बढेर उम्मेदवारलाई विजयी गराउन भूमिका खेल्ने प्रतिबद्धता जाहेर गरेका थिए । निर्वाचन परिचालन समितिका संयोजक एवं नेपाली कांग्रेस गण्डकी प्रदेशका महामहान्त्री विष्णु लामिछानेले सबै एक ढिक्का भएर निर्वाचन जित्ने वातावरण सृजना गर्न स्थानीय तहका जनप्रतिनिधि र प्रदेश सदस्यहरुले सहयोग गर्ने बताए । यता, उम्मेद्वारहरुले सोमबार कास्कीमा मत माग्ने भएका छन् । नेपाली कांग्रेस कास्कीको पार्टी कार्यालयमा उम्मेद्वारहरुले मत माग्ने कार्यक्रम तय भएको हो । कार्यक्रम दिउसो २ बजे हुनेछ।

# बिजयपूल खोला कसेरीमा निर्माणाधीन पूलको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

जि स स कास्कीले बिजयपूल खोला, कसेरीमा निर्माणाधीन पूलको अनुगमन गरेको छ।

प्रमुख लिलाधर पौडेल नेतृत्वमा काहुखोला-बिजयपूर-काफलघारी सडक अन्तर्गत पोखरा महा नगरपालिका वडा न १३ र २८ जोड्ने बिजयपूल खोला, कसेरीमा निर्माणाधीन पूलको अनुगमन सम्पन्न भएको हो ।

उपप्रमुख सरिता माल, जिल्ला समन्वय अधिकारी नवराज बराल, सदस्य राजु अधिकारी, हर्क बहादुर गुरुङ, सडक डिभिजन कार्यालयका प्रमुख नवराज बास्तोला सहित प्राबिधिक इन्जिनियर सम्मिलित अनुगमन टोलिले आयोजनाको निर्माण प्रक्रिया सहित अन्य प्राबिधिक पक्षको जानकारी लिएको थियो । सो अबसरमा प्रमुख लिलाधर पौडेलले हालसम्मको कार्य प्रगति सन्तोसजनक पाइएको बताउदै अबको बाकी कार्यमा गुणस्तरमा ध्यान दिदै समयमै निर्माण सम्पन्न निर्माण ब्यबसायी र प्राबिधिक सहित स्थानिय सरोकारवालाहरूलाइ आग्रह गर्नुभयो । बि स २०७२ सालमा निर्माण कार्य शुरूभएको सो पूलको निर्माण कम्पनीको लापरबाहीका कारण उक्त कम्पनी संगको सम्झौता रद्ध गरि नयाँ सम्झौता अनुसार निर्माण कार्य अगाडि बढेको बताइएको छ । हाल धनथान भिमज्योति कन्स्ट्रक्सन भरतपुरले निर्माण गरिरहेको सो पूल २०८० असारमा सम्झौता भएर २०८२ फागुन मसान्त भित्र करिब ७ करोडको लागतमा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको उल्लेख गरिएको छ।

## २३ औं...

फुटबल क्लब बिच खेल हुने भएको छ । त्यसै गरी माघ ११ गते समुह एका मछिन्द्र क्लब र जावलाखेल युथ क्लब, समुह बी बाट माघ १२ गते नेपाल ए पी फ फुटबल क्लब र नेपाल पुलिस क्लब बिच खेल हुने भएको' क्लवले जनाएको छ।

त्यसै गरी क्वाटर फाइनलमा माघ १३ गते समुह एको पारो फुटबल क्लब भुटान र ९ गतेको बिजेतासंग खेल हुने भएको छ। माघ १४ गते समुह बीको संकटा क्लब र १० गतेको बिजेतासंग भिड्ने भएको छ भने माघ १५ गते समुह एको मनाङ मर्सायाङदी क्लब र ११ गतेको बिजेता बिच खेल हुने भएको छ।

**मोवाइलको लतबाट बालबालिकालाई बचाऔं**

- ◆मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- ◆मोवाइलको लतले बालबालिकाको मष्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- ◆मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- ◆यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- ◆उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

*अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।*


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# समितिहरुबीचको होडबाजी

प्रतिनिधि सभाका समितिहरुबीच विषयको गहिराइमा पुग्नु भन्दा छिटो चर्चामा आउने गरेको छ । बेला बेलामा समितिहरु बीचमा को छिटो भन्ने होड चल्ने गर्छ।कहिले जस लिनको लागि त कहिले कसैलाई जोगाउन।अहिले एनसेल बिक्री प्रकरणमा प्रतिनिधि सभाका एक भन्दा बढी विषयगत समितिले छलफल चलाइरहेको विषयले सभामुखसँगको सामूहिक छलफलमा प्रवेश पाएको छ । सभामुख घिमिरेले आइतबार प्रतिनिधि अन्तर्गतका विषयगत समितिका सभापतिहरुलाई छलफलमा बोलाएका थिए । उक्त छलफलमा राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले एनसेलको शेयर खरिद बिक्रीको विषयमा एकभन्दा बढी समितिले छलफल चलाइरहेको र सभामुखले यसमा ठोस पहल नलिएको भनी विषय प्रवेश गराएका थिए । सार्वजनिक लेखा समितिले  सरकारलाई छानबीन गर्न, के भएको हो भनेर जवाफ माग्ने र शेयर खरिद बिक्री यथास्थितिमा राख्न निर्देशन दिईसकेको थियो ।

लेखा समितिका अलावा अर्थ समितिले पनि छलफल शुरु गरिसकेपछि राज्यव्यवस्था तथा सुशासन समितिले सरकारलाई जोगाउने तरिकाले अघि बढेपछि लेखा समिति सभापतिले सामाजिक संजालबाट असन्तुष्टि जनाए।कुरोको चुरोमा पुग्ने भन्दा प्रचारमुखी राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले सभामुखसंग आफ्नो गुनासो राखे । यो विषयमा सभामुख र राज्य व्यवस्था समिति सभापति खतिवडाबीच सामान्य रुपमा सवालजवाफ समेत भएको थियो । सभापति खतिवडाले एनसेल बिक्री प्रकरणमा राज्य व्यवस्था समितिले गरेको छलफललाई लिएर सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले सामाजिक सञ्जालमा गरेको टिप्पणीको पनि आलोचना गरे । उनले प्रश्न गरे, 'लेखा समितिको असन्तुष्टि के थियो ? कुनै असन्तुष्टि थियो सार्वजनिक रुपमा पेजमा (फेसबुकमा) लेख्ने कुरा थिएन । सभामखुसँग आएर भन्नुपर्छ । एनसेलको शेयर खरिदबिक्रीको विषयमा प्रतिनिधि सभाको अर्थ समिति र सार्वजनिक लेखा समितिले छलफल चलाएपछि राज्य व्यवस्था तथा सुशासन समितिले पनि छलफल गरेको थियो । राज्य व्यवस्था समितिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई नै बोलाएर छलफल चलाएपछि सार्वजनिक लेखा समितिका सभापति पोखरेलले असन्तुष्टि जनाएका थिए ।

पोखरेलले लेखा समितिले गरिरहेको छानबिन प्रभावित बनाउन सरकारी शक्ति, सत्ता, पहुँच र साधनको प्रयोग गरी भ्रष्टाचार छोप्न खोजेको आरोप लगाएका थिए । 'आफ्नो कार्यक्षेत्र भन्दा बाहिर विभिन्न संसदीय समितिहरु मार्फत विषय बंग्याउने र जनतालाई भ्रम छर्ने कामको खेल व्यक्त गर्दछु र जनतालाई सचेत हुन अपिल गर्दछु', पोखरेलले ४ पुसमा फेसबुकमा लेखेका थिए । पोखरेलको टिप्पणीलाई लिएर कांग्रेस महामन्त्री गगन थापाले राज्य व्यवस्था समितिको बैठकमा आपत्ति जनाएका थिए । उनले यो विषय सभामुखसँग राख्न पनि सभापति खतिवडालाई आग्रह गरेका थिए । आइतबार सभापति खतिवडाले सभामुखसँग राखेका थिए । तर लेखा समिति सभापति पोखरेल भने उक्त छलफलमा अनुपस्थित थिए। एनसेलको विषयमा चार/चार वटा समितिको सरोकार भएपनि  को भन्दा के कम झैं गरि छलफल हुनु उचित होइन। ' यस्ता विषय सभामुखले  चार वटै समितिका सभापतिलाई एक चोटी बोलाउनुपर्छ र क्षेत्राधिकारको विवाद छ भने छलफलबाट टुङ्गो लगाउनुपर्छ।बिगतमा समितिका सभापतिहरु मिलेर बैठक गरेको नजिर छानमिलेमा मात्र  सभामुखले बोलाउनुपर्छ । त्यो बैठकले निकास निकाल्नुपर्छ ।

सभामुख घिमिरेले प्रतिनिधि सभाका चार वटै विषयगत समितिका सभापतिहरुलाई बोलाएर एनसेलको शेयर खरिद बिक्रीको विषयमा भएको छलफल र क्षेत्राधिकारको विषय सम्झाएका थिए ।  चार वटै समितिका सभापतिसँग सभामुखले सामुहिक छलफल चलाएमा आउँदा दिनमा त्यस्ता समस्या आउँदा कसरी अगाडि बढ्ने भन्ने मार्ग निर्देशन गर्नेछ । हाल एनसेलको विषयमा प्रतिनिधि सभाको अर्थ समिति, सार्वजनिक लेखा समिति, राज्य व्यवस्था तथा सुशासन समिति र शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले छलफल गरिरहेका छन् । यी चारवटै समिति एक चरणको छलफल गरेर यस सम्बन्धमा भएका कागजात मगाएर प्राप्त कागजातमाथि अध्ययन गरिरहेका छन् । नेपाली उखान धेरै बिरालो भए मुसा मार्दैनन भने जस्तै धेरै समितिमा छलफल हुनु काम पन्छाउनु हो।अब सामूहिक बैठकबाटै अगाडि जाने वातावरण बनाउनु पर्छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : स्वस्थ्यमा सुधार |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# निसीखोलाका शिक्षकहरुलाई सूचना प्रबिधि सीप विकास (आईसीटी) तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

बागलुङ्को निसीखोला गाउँपालिकाका शिक्षकहरुलाई सुचना प्रबिधि सीप विकास (आईसीटी) सम्बन्धि तालिम दिईएको छ ।

निसीखोला गाउँपालिका र कर्मफ्लाइट्स फाउन्डेसन नेपाल, पोखराको संयुक्त आयोजनामा ४ दिवशीय सुचना प्रबिधि सीप विकास (आईसीटी)तालिम दिईएको हो । तालिमको तीन दिनमा कर्मफ्लाइट्सका आईटी प्रमुख तथा कम्प्युटर प्रशिक्षक सुबाश पौडेलले श्रीरत्न राज्य लक्ष्मी माविमा गापाका १६ वटा विद्यालयका विज्ञान र कम्प्युटर शिक्षकका लागि आईसीटी सामग्रीका विषयमा प्रशिक्षण दिएका थिए भने चौथो दिन स्थानीय शिक्षक त्रय इन्द्रलाल रेग्मी, प्रेमराज पौडेल र सूर्यबद्र घर्तीले निसीखोला गाउँपालिकाको हलमा आईईएम,आईएस र इमिस (एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली)सम्बन्धि तालिम प्रशिक्षण दिएका थिए ।

तालिममा निसीखोला गापा भित्रका १६ वटा विद्यालयका ३३ जना कम्प्युटर र विज्ञान तथा प्रबिधि शिक्षाका शिक्षकहरूको सहभागिता रहेको प्रशिक्षक पौड्यालले बताए । शनिबार औपचारिक रुपममा समापन गरिएको तालिमका प्रमुख अतिथि रहेका निसीखोला गापाका प्रमुख प्रशासकिय अधिकृत दिलीप कुमार चन्दले तालिमले स्थानीय समुदायमा प्राविधिक साक्षरता बढाउँदै शिक्षकहरूबीच आईसीटी सीपहरू आदान प्रदान गर्ने र बढाउने विश्वास व्यक्त गरे । कर्मफ्लाइटस संस्थाले एड्टेक नेपाल संगको साझेदारी, गाउपालिकाको समन्वय तथा विद्यालयहरुको समेत सहलागानीमा पालिकामा ९ वटा निरमाबि मा सुबिधा पम्पन्न कम्प्युटर ल्याब निर्माण गरि चलायमान गराई सिकाईमा आईसीटीको माध्यमबाट शिक्षामा रुपान्तरण र गुणस्तर वृद्धि गर्न संस्था लागि परेको संस्थाका कार्यक्रम निर्देशक प्रेम बहादुर कुँवरले बताए ।

सोही अवसरमा तालिममा सहभागी प्रशिक्षार्थी शिक्षकहरुलाई प्रमाण पत्र वितरण गरिनुका साथै हालै सम्पन्न राष्ट्रपति रनिङ्ग शिल्डका उत्कृष्ट प्रस्तुति तथा नृत्य प्रतियोगितामा प्रथम हुन सफल बिद्यालयका बिद्यार्थीहरुलाई गाउपालिका शिक्षा शाखाबाट सम्मान पनि गरिएको शिक्षा शाखा प्रमुख मञ्जु सुबेदीले जानकारी दिईन।निसीखोलागाउँपालिकाका सामाजिक विकास समिति संयोजक तथा वडा नं १ का अध्यक्ष चन्द्र सिंह रामजालीको अध्यक्षता रहेको समापन कार्यक्रम सञ्चालन शिक्षा प्रमुख सुवेदीले गरेकी थिईन् । त्यसैगरि सोहि तालिम ढोरपाटन नगरपालिका अन्तर्गतका विद्यालयका शिक्षकहरुलाई पनि प्रदान गर्न सुरु गरिएको छ । तालिम बुर्तिवाङ स्थित उत्तरगंगा माबिको कम्प्युटर प्रयोगशालामा संचालन भएको संस्थाका बाग्लुङ्ग जिल्ला कार्यक्रम संयोजक झम बहादुर कुँवरले जानकारी दिए ।

# पोखरा–३३ मा भजनकीर्तन तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

पोखरा महानगरपालिका वडा नं. ३३ मा भजनकीर्तन तालिम सम्पन्न भएको छ ।

स्थानीय संस्कृतिको संरक्षण गर्ने उद्देश्यले वडा कार्यालयको आयोजनामा भजन कीर्तन तालिम आयोजना गरिएको वडाध्यक्ष रामचन्द्र अधिकारीले जानकारी दिए। पुरानो संस्कृतिका रूपमा रहेको भजन चुट्का लोप हुने अवस्था आएपछि संरक्षणका लागि तालिम प्रदान गरिएको उनले बताए । "गाउँ गाउँमा पहिले सामूहिक भजन गाउने संस्कृति थियो, खुसियालीका अवसरमा समेत भजन गाउने प्रचलन थियो', वडाध्यक्ष अधिकारीले भने, 'अहिले पुरानो पुस्ता कमजोर बन्दै गएपछि यो लोप हुने अवस्थामा पुग्यो, तसर्थ यसलाई पुस्ता हस्तान्तरण गर्ने र संरक्षणका लागि प्रोत्साहन गर्ने उद्देश्यले यस प्रकारको तालिम दिइएको हो ।" वडा नं.३३ का गाउँगाउँहरूमा भजन संस्कृतिको विकास गरिने उनले बताए ।

साबिक लेखनाथ नगरपालिकाको वडा नं. १६, १७, १८ का विभिन्न स्थानहरूमा २०/२० जनाको टोली बनाई प्रदान गरिएको तालिममा ६० जनाको सहभागिता रहेको थियो। एक हप्ते भजनकीर्तन तालिममा सहभागीलाई प्रशिक्षकहरू सन्तोष अधिकारी, रमादेवी गौतम र साकार अधिकारीले प्रशिक्षण प्रदान गरेका थिए । तालिममा सहभागीहरूलाई वडाध्यक्ष अधिकारीले प्रमाणपत्र प्रदान गरेका थिए । समापनका अवसरमा उनीहरूलाई प्रमाणपत्र प्रदान गरिएको हो । वडाध्यक्ष अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन वडासचिव युवराज पौडेलले गरेका थिए ।

# नविन टोल विकास संस्थाद्वारा गोरखाका पर्यटकीय गन्तव्यको प्रवर्द्धन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

पोखरा महानगरपालिका वडा नं ३२ तल्लो गगनगौंडामा कृयाशिल नविन टोल विकास संस्थाले गोरखाका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धनात्मक भ्रमण सम्पन्न गरेको छ ।

संस्थाको. वार्षिक कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष विभिन्न पर्यटकीय गन्तव्यहरूमा पुगी त्यहाँको प्रवर्द्धन गर्ने गरिएकोमा यस वर्ष गोरखाका धार्मिक एवम् ऐतिहासिक गन्तव्यलाई समेटिएको संस्थाका अध्यक्ष पुष्पराज पौडेलले जानकारी दिनुभयो । कार्यक्रम अन्तर्गत धार्मिक एवम् ऐतिहासिक महत्वका गोरखा कालिका मन्दिर, गोरखा दरबार, गोरखनाथ मन्दिर आदिको दर्शन एवम् अवलोकनका साथै नेपाल एकिकरणको इतिहाससँग प्रत्यक्ष जोडिएको लिगलिगकोटको प्रवर्द्धनात्मक भ्रमण गरिएको उहाँले बताउनुभयो । प्रवर्द्धनात्मक भ्रमणमा संस्थामा आवद्ध ६९ जनाको सहभागिता रहेको सचिव मोहनराज बरालले जानकारी दिनुभयो । यस किसिमका कार्यक्रमले आन्तरिक पर्यटनको प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिइएको उहाँले बताउनुभयो । नेपाल राज्यको एकिकरणको इतिहासमा गोरखा दरबार, लिगलिगकोट जस्ता स्थलहरूको विशिष्ट महत्व रहेको छ । गोरखा दरबार पृथ्वीनारायण शाहको इतिहाससँग प्रत्यक्ष सम्बन्धित छ । नेपाल एकीकरणको सुरुवातसँगै पृथ्वीनारायण शाहको जन्म भएको यो स्थानमा रहेको संग्रहालयमा दैनिक ठूलो संख्यामा पर्यटक आउने गरेका छन् । तत्कालीन राजाहरूको राज्य सञ्चालनमा प्रयोग गरेका सामग्रीहरू देख्न पाइनु यहाँको विशिष्टता हो । शाहवंशीय राजा द्रव्य शाह हुँदै पृथ्वीनारायणसम्मका महत्वपूर्ण वस्तुहरू संग्रहालयमा राखिएको छ । गुरु गोरखनाथका पूजा सामग्री एवम् बाजागाजा, नेपाल एकीकरण हुँदा प्रयोग भएका हातहतियार, पृथ्वीनारायण शाहको पालामा दैनिक प्रयोग भएका भाँडाकुँडा, मानापाथी तथा विभिन्न कलात्मक सामग्री संग्रहालयमा देख्न पाइन्छ । आधुनिक नेपालको एकीकरण पूर्व पहिले बाइसे चौबिसे राज्य कालमा लिगलिगकोट चौबिसे राज्य अन्तर्गत पर्दथ्यो । इतिहास अनुसार मगर घलेहरूको उक्त राज्यमा दसैंको दिन दौडेर जसले जित्छ, त्यही व्यक्ति एक वर्षका लागि लिगलिगे वाङ (राजा) हुने चलन थियो । दलसुर घलेमगर बाह्रौं पटकसम्म लिगलिग राज्यको राजा बनेकोमा १३ औं पटकको दौड भने द्रब्यशाहले जिते र त्यहाँको राजा भएको इतिहास छ । ऐतिहासिक, पुरातात्विक, पर्यटकीय तथा सांस्कृतिक महत्वको लिगलिगकोटमा नेपालको ठूलो झण्डा पर्यटकका लागि थप आकर्षण बनेको छ ।



# डिभिजन वन कार्यालय, लमजुङको पञ्चबर्षिय वन व्यवस्थापन योजना तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना ।

**(प्रकाशित मितिः २०८०/१०/०८)**

गण्डकी प्रदेश, लमजुङ जिल्ला, डिभिजन वन कार्यालय लमजुङद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | डिभिजन वन कार्यालय, लमजुङ वेसीसहर, लमजुङ |
| प्रस्तावको व्यहोरा | डिभिजन वन कार्यालय, लमजुङद्धारा जडीबुटी, काष्ठ तथा गैरकाष्ठ वन पैदावारको संकलनका लागि पञ्चबर्षिय वन व्यवस्थापन योजना  तयारी कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/पालिका | लमजुङ जिल्ला,सवै पालिका |

उपरोक्त प्रस्तावको तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र  निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

**१. श्री डिभिजन वन कार्यालय, लमजुङ बेसीसहर, लमजुङ**
**इमेल**ः dfolamjung1@gmail.com

**२. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., नयाँबानेश्वर, काठमाण्डौं । फोन नः ९८४१५३१५८२**
**इमेल**ः geec.nepal@gmail.com

# Phedikhola Rural Municipality
# Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

# Invitation for Bids

**First date of Publication: 22th January 2024**

1. Phedikhola Rural Municipality invites only electronic bids for Construction of Additional RCC Block for Bange Health Post at Phedikhola-05, Bange, Syangja under contract ID: 28-PRM-W-NCB-BLDG-080-81-08 under national competitive bidding procedure(NCB). The estimated cost of the work is NRs. 3,798,868.83 (Including overhead, VAT & PS). Electronic Bidding is open to all eligible Nepalese Bidders.
2. Cost of bid document NRs. 3000.00. Information to deposit the cost of bid document in Bank: Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06501000000030800180; Name of account: Aantarik Rajaswa Khata of Phedikhola Rural Municipality
3. Electronic bid submission deadline: before 12:00 hrs on 21-February-2024, Electronic bid opening date and time: 12:00 hrs on 21-February-2024.
4. Bid security amount NRs. 95,000.00. If cash deposited as bid security, then mentioned amount should be deposited in Dharauti account of Phedikhola Rural Municipality, account No. 06501000000003600179 at Prime Bank, Phedikhola, Syangja.
5. Eligible Bidders may obtain detail notice and information by inspecting the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja or from website: www.phedikholamun.gov.np or may visit PPMO website: www.bolpatra.gov.np/egp.

# जनप्रिय मावि २०४९ समुहद्वारा विद्यालयलाई शैक्षिक सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ७ माघ

पोखराको सिमलचौरस्थित जनप्रिय मावि २०४९ व्याजका भूपू विद्यार्थीको समुहले चापाकोट औसेलुचौरस्थित पञ्चकोसी आधारभूत विद्यालयलाई ५० हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री सहयोग गरेको छ।

समुहले कम्प्युटर सहित कापी, कलम, झोला लगायत सामग्री सहयोग गरेको हो । समुहका अध्यक्ष चन्द्र गिरीले विद्यालयका पूर्व शिक्षक कुलप्रसाद अधिकारी, व्यवस्थापन समितिका पूर्व अध्यक्ष यज्ञप्रसाद तिमिल्सीना लगायतलाई एक समारोहका विच उक्त सामग्री हस्तान्तरण गरे । सो अवसरमा बोल्दै अध्यक्ष गिरीले बिपन्न अवस्थामा रहेका विद्यालय तथा विद्यार्थीहरुलाई शैक्षिक सहयोग गर्ने उद्येश्यका साथ समुहको गठन गरिएको बताए । यसअघि पनि समुहले शैक्षिक सामग्री सहयोग कार्यक्रम गर्दै आएको उनले जनाए। विद्यालयका प्रधानाध्यापक गंगाधर चापागाईले समुहको यो सहयोग विद्यालय र विद्यार्थीका लागि ठूलो सहयोग भएको बताउँदै धन्यवाद ज्ञापन गरे । भूपू विद्यार्थी समुहको तर्फबाट समुहका सदस्यहरु टिकाराम पराजुली, अनिल कार्की, केशबबहादुर थापा, लगायतले समुहका गतिविधीबारे प्रकास पारेका थिए । विद्यालयका शिक्षिका दिलमाया तिमिल्सीनाले स्वागत मन्तव्य राखेकी थिइन् ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ डाँडा गाउँको बोरीङ आगाडि ढलान निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नाम: डाँडा गाउँको बोरीङ आगाडि ढलान
ठेगाना: पोखरा-१४
योजना सम्झौता मिति: २०८०/०७/१३ गते
योजना शुरु भएको मिति: २०८०/०८/०६ गते
योजना सम्पन्न भएको मिति: २०८०/०९/१७ गते
योजनाको कुल लागत: रु. ६,४३,२००।४१
महानगरपालिकाबाट: रु. ४,५०,०००/-
जनसहभागिताबाट: रु.१,९३,२००।४१
उपभोक्ता समिति अध्यक्ष: कर्ण बहादुर थापा
सम्पर्क नं.: ९८६७६६०७६१
उपाध्यक्ष: खेम बहादुर गुरुङ, कोषाध्यक्ष: रमना श्रीस
सचिव: मनमाया वि.क.

**डाँडा गाउँको बोरीङ आगाडि ढलान निर्माण उपभोक्ता समिति पोखरा-१४**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ गहतेरी भण्डारी गाउँ दोपहरे सडक स्तरोन्नती कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नाम: गहतेरी भण्डारी गाउँ दोपहरे सडक स्तरोन्नती
ठेगाना: पोखरा-२१
योजना सम्झौता मिति: २०८०/०९/१८ गते
योजना शुरु भएको मिति: २०८०/०९/१९ गते
योजना सम्पन्न हुने मिति: २०८०/१२/१५ गते
योजना सम्पन्न भएको मिति: २०८०/१०/०५ गते
योजनाको कुल लागत: रु. ५,५७,४४७।६६
महानगरपालिकाबाट: रु. ५,००,०००/-
जनसहभागिताबाट: रु.५७,४४७।६६
उपभोक्ता समिति अध्यक्ष : नेत्रलाल भण्डारी

**गहतेरी भण्डारी गाउँ दोपहरे सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-२१**

# बागलुङका एउटै पालिकामा एक सय ११ क्षयरोगी

**रासस**
बागलुङ, ७ पुस

बागलुङमा क्षयरोगीको संख्यामा वृद्धि भएको छ। बागलुङमा क्षयरोगको सङ्क्रमणलाई शून्यमा झार्ने लक्ष्य राखेको स्वास्थ्य कार्यालयलाई एउटै पालिकामा एक सय ११ क्षयरोगी भेटिएपछि चुनौती थपिएको छ।

स्वास्थ्य कार्यालयले जिल्लाको बडिगाड गाउँपालिकामा सो सङ्ख्यामा क्षयरोगी फेला परेपछि उनीहरुको उपचार गर्न थालिएको जनाएको छ । कार्यालयका क्षयरोग निरीक्षक देवप्रकाश घिमिरेले क्षयरोग निर्मूल पार्ने अभियानमा क्षयरोगको सम्भावना रहेको बडिगाडमा स्वास्थ्य शिविर गर्दा सो सङ्ख्यामा क्षयरोग देखिएको जनाउँदै उनीहरुलाई स्वास्थ्य कार्यालयको सम्पर्कमा राखेर उपचार थालिएको बताए । "कार्यालयले क्षयरोग शुन्यमा पार्ने अभियानअन्तर्गत खोजपड्ताल गरिरहेको थियो, जसमध्ये बडिगाडमा क्षयरोगी भेटिएपछि उपचारतर्फ लागेका छौँ", घिमिरेले भने, "दुई हप्ताअघि गरेको शिविरमा ९८ जना फेला परेपछि हालसम्म धेरै स्थानमा गरेको परीक्षण र प्राप्त रिपोर्टका आधारमा बडिगाडभित्रै एक सय ११ जना क्षयरोगी भेटिएका छन्, उनीहरुमध्ये २६ जनामा सार्ने प्रकारको क्षयरोग भेटिएको हो।"

उनका अनुसार लामो समयदेखि बडिगाडमा क्षयरोगी बढी भएको अनुमान गर्दै शिविर सञ्चालन गरिएको थियो । स्वास्थ्य कार्यालयले गरिरहेको परीक्षणमा पनि यहाँ १८ जना क्षयरोगका बिरामी भेटिएका थिए । त्यसपछि बडिगाड गाउँपालिकाको पहल तथा जापान-नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्थाको प्राविधिक सहयोगमा गरिएको क्षयरोग शिविरमा बढी क्षयरोगी भेटिएका हुन् ।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/१०/०८)

उपरोक्त सम्बन्धमा डिभिजन वन कार्यालय, लमजुङको पञ्चवर्षिय वन व्यवस्थापन योजना तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सिलसिलामा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संकलन सम्बन्धी व्यवसायी तथा सरोकारवालाहरुबाट राय सुझावका लागि निम्न स्थान तथा समयमा सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुदाँ उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**स्थान :** डिभिजन वन कार्यालय प्राङ्गण, बेसीसहर
**मिति :** २०८०/१०/१३ गते शनिबार
**समय :** बिहान १०:०० बजे

**आयोजक**
**डिभिजन वन कार्यालय, लमजुङ**
**वेसीसहर, लमजुङ**

**प्रदेश सरकार**
**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**मातृशिशु मितेरी अस्पताल**
**पोखरा, कास्की**

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकासन मिति २०८०/१०/८ गते)

प्रस्तुत विषयमा यस अस्पतालबाट मिति २०८०/०८/१२, १९ र २४ गते प्रकाशित सूचना अनुसार अस्पताललाई आवश्यक औषधी/रसायन/NICU उपकरण खरिदको लागि भएको बोलपत्र आवहानको सूचना मिति २०८०/०९/१२, १९ र २४ गते खोली मूल्याङ्कन गर्दा न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्विकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक ऐन २०६३ को दफा २७(२) र ३ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं | बोलपत्र नं | योजनाको नाम | छनौट भएको बोलपत्रदाता | इकाई दर स्विकृतिको लागि छनौट भएको औषधी/ रसायन संख्या | कवोल गरेको कुल रकम मु.अ.कर वाहेक रु. |
|---|---|---|---|---|---|
| 1 | MMH/NCB/G/01/2080-81) | Supply of Laboratory Reagents and Chemical Items (category-A) | Total Medico Solution | 06 | 6,34,638.00 |
| 2 | MMH/NCB/G/02/2080-81 | Supply of Laboratory Reagents and Chemical Items (category-B) | Unish Surgical Diagonstic Suppliers | 39 | 2,62,960.00 |
| 3 | MMH/NCB/G/02/2080-81 | Supply of Laboratory Reagents and Chemical Items (category-B) | Total medico Solution Pvt.Ltd | 30 | 55,715.10 |
| 4 | MMH/NCB/G/03/2080-81) | Procurement for Medicined (NCD | Sun Pharmacy | 134 | 8,60,624.40 |
| 5 | MMH/NCB/G/04/2080-81 | Procurement for Medicine (Antimicrobials NCDS and Vitamins) | Sun Pharmacy | 86 | 7,26,470.35 |
| 6 | MMH/NCB/G/05/2080-81 | Supply of Laboratory Reagents and Chemical Items (category-C) | Khilung Kalika Suppliers and General Trading Pvt Ltd | 17 | 13,58,520.00 |
| 7 | MMH/NCB/G/07/2080-81 | Procurement and supply of NICU | Bikash Surgical Concern Pvt.Ltd | | 12,92,217.00 |

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



**जन्म:** वि.सं. २००९/०७/०२गते

**स्वर्गारोहण:** वि.स. २०८०/१०/०४ गते

**स्व. बामनप्रसाद ढेवाजू**

हाम्रो भद्रकाली माध्यमिक विद्यालयका जग्गादाता परिवारका सदस्य तथा वर्तमान विद्यालय व्यवस्थापन समितिका सदस्य, भद्रकाली माध्यमिक विद्यालयमा नवनिर्मित मूल गेट निर्माण समितिका संयोजक, समाजसेवी तथा साहित्यानुरागी व्यक्तित्व, आदरणीय **बामनप्रसाद ढेवाजू**को २०८०/१०/०४ गते साँझ ७१ वर्षको उमेरमा उपचारका क्रममा दुःखद निधन भएको समाचारले सम्पूर्ण विद्यालय परिवार स्तब्ध भएको छ । विद्यालयले उन्नति र प्रगतिका विषयमा सधैं सकारात्मक ऊर्जा दिइरहने सच्चा अभिभावक गुमाएको छ । आज पाँचौं दिनको पुण्य तिथिमा उहाँको दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै वैकुण्ठबासको कामना गर्दछौं । शोकको यस घडीमा परिवारजन, आफन्त, दाजुभाइ तथा समस्त शुभेच्छुकमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्दै भद्रकाली मातासँग प्रार्थना गर्दछौं ।

**लोक बहादुर कार्की**
**अध्यक्ष**
**विद्यालय व्यवस्थापन समिति**

**कमल प्रसाद तिवारी**
**अध्यक्ष**
**शिक्षक अभिभावक संघ**

**यदुराज पगेनी**
**प्रधानाध्यापक**

**तथा भद्रकाली माध्यमिक विद्यालय परिवार, पोखरा-१३, कुँडहर**